प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ रिक्त कोटाको नतिजा प्रकाशन सम्बन्धी सूचना

(प्रकाशित मिति: २०७९/०९/०६)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, बागमती प्रदेश कार्यालय, हेटौंडा, मकवानपुरको मिति २०७९/०८/२८ गते प्रकाशित सूचना बमोजिम डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ रिक्त कोटाको लागि आवेदन दिने सम्बन्धी सूचना अनुसार डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०७९ बमोजिम प्राप्त आवेदनहरु आवश्यक रुजु गरी योग्यताक्रमानुसार प्रशिक्षार्थी सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ। वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएका प्रशिक्षार्थीहरुले मिति २०७९/०९/०९ गतेसम्म कार्यालय समय भित्र आफ्नो शैक्षिक योग्यता, नागरिकता, वर्गीकृत छात्रवृत्तिको कुनै समुहमा छनौट भएको भए सो को सक्कल प्रमाणपत्रहरु तथा प्रवेश पत्र सहित भर्ना भई सक्नु पर्नेछ। सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी परिषद्को भर्ना सम्बन्धी निर्देशिका बमोजिम प्रशिक्षार्थीहरु भर्ना गर्नु गराउनु हुन समेत सूचित गरिन्छ।

**निर्देशक**